बडीमालिका नगरपालिकाको आ व २०८२/०८३ को १६ औं नगरकार्यपालिकाको बैठक

स्थानः कार्यपालिकाको बैठक हल

बिहान: ८:०० बजे

आज मिति २०८३ साल जेठ महिनाको २८ गतेका दिन यस बडीमालिका नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री अमर बहादुर खड्का ज्यूको अध्यक्षतामा बसी निम्नानुसारको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

| क्र.स | नामथर | पद | कार्यपालिकाको पद | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री अमर बहादुर खड्का | नगर प्रमुख | अध्यक्ष | |
| २ | श्री नन्दा कुमारी थापा | नगर उपप्रमुख | सदस्य | |
| ३ | श्री कृष्ण बहादुर कार्की | १ नं वडा अध्यक्ष | सदस्य | |
| ४ | श्री डम्बर बहादुर महत | २ नं वडा अध्यक्ष | सदस्य | |
| ५ | श्री डबल बहादुर रोकाया | ३ नं वडा अध्यक्ष | सदस्य | |
| ६ | श्री अर्जुन नाथ | ४ नं वडा अध्यक्ष | सदस्य | |
| ७ | श्री धरमपाल मिजार | ५ नं वडा अध्यक्ष | सदस्य | |
| ८ | श्री धर्मराज पाध्याय | ७ नं वडा अध्यक्ष | सदस्य | |
| ९ | श्री चन्द्र बहादुर थापा | ८ नं वडा अध्यक्ष | सदस्य | |
| १० | श्री सुर्य किरण वि.क | ९ नं वडा अध्यक्ष | सदस्य | |
| ११ | श्री परे बडुवाल | ६ नं का.वा.अध्यक्ष | सदस्य | |
| १२ | श्री बुदे ल्वार | | सदस्य | |
| १३ | श्री लक्षी वि.क | | सदस्य | |

| | | | | |
|---|---|---|---|---|
| १४ | श्री राजेश वि.क | | सदस्य | Rajesh |
| १५ | श्री तुलशी गिरी नाथ | | सदस्य | [signature] |
| १६ | श्री निर्मला वि.क | | सदस्य | [signature] |
| १७ | श्री निर्मला बडुवाल | | सदस्य | [signature] |
| १८ | श्री अम्विका वि.क | | सदस्य | [signature] |
| १९ | श्री धना देवी विष्ट | | सदस्य | Dhana |
| २० | श्री लोकराज जोशी | प्र.प्र. अ. | सदस्य सचिव | [signature] |
| सि न | अन्य | पद | | दस्तखत |
| | श्री कविराज दानी | आ.हे.वं. | | [signature] |
| | श्री खगेन्द्र गुपाल | प्र.हे.ज | | [signature] |
| | श्री तिलकराज न्यौपाने | ज०स्वा०नि. | | [signature] |
| | श्री दिपक कु. न्यौपाने | सि.अ.हे.वं. | | [signature] |
| | श्री मिन ब० थापा | | | — |
| | श्री दुवक्क साउद | अ.हे.व. | | [signature] |
| | श्री भेषराज पनेरु | ज०स्वा० नि० | | [signature] |
| | श्री प्रकाश बडुवाल | अ.हे.व | | Prakash |
| | श्री ललिता कु. रावल | ज०स्वा०नि० | | [signature] |

| | | | | |
|---|---|---|---|---|
| | श्री राजेश्वरी कुँदा | अ०हे०व | | Raup |
| | श्री दुर्गा थापा | अ०हे०व | | [signature] |
| | श्री विमला थापा | सि० अ०न०मी | | [signature] |
| | श्री सिता खड्का | स्टाफ नर्स | | [signature] |
| | श्री टेकु ब० खड्का | | | [signature] |
| | श्री ललिता दानी | सि०अ०न०मी०नि० | | [signature] |
| | श्री कुमार सोपाने | ज०स्वा०अ<br>स्वा० का वातुरा | | [signature] |
| | श्री प्रपराज भट्ट | प्र०अ | | [signature] |
| | श्री [illegible] | [illegible] | | [signature] |
| | श्री विमला कु पाध्याय | व०ले०अ | | [signature] |
| | श्री मनिराम खत्री | ले०अ०५५ | | [signature] |

श्री गोपाल महत प्र०अ० [signature]

श्री हरिन्द्र वि०के कोo [signature]

श्री विजय कुमार शाही [signature] [signature]

बडीमालिका नगरपालिकाको १६ औं नगर कार्यपालिकाको निर्णयहरु

## मिति:२०८३ जेठ २८ गतेको १६ औं कार्यपालिका बैठक निर्णयहरु

**प्रस्तावहरु:**

१. पूर्ण खोप पालिका घोषणा सम्बन्धमा।
२. घ वर्गको ईजाजत सम्बन्धमा।
३. नगरविपद व्यवस्थापन समितिबाट भएका निर्णय अनुमोदन सम्बन्धमा।
४. युवा क्लव दर्ता सम्बन्धमा।
५. संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा।
६. विविध सम्बन्धमा।

**निर्णय नं १:** बडीमालिका नगरपालिका क्षेत्रभित्र रहेका सबै लक्षित बालबालिका तथा गर्भवती महिलाहरूलाई राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत तोकिए बमोजिमका सम्पूर्ण खोप सेवामा पहुँच सुनिश्चित गरी पूर्ण खोप प्राप्त गराउने कार्य सफलतापूर्वक सम्पन्न भएको तथा सम्बन्धित सूचकहरू पूरा भएकोले बडीमालिका नगरपालिकालाई "पूर्ण खोप सुनिश्चितता तथा दिगोपना नगरपालिका" घोषणा गर्ने निर्णय गरियो।

**निर्णय नं.२:** पि एल इन्जिनियरिङ कन्सल्ट प्रा.लि., बडिमालिका नगरपालिका वडा नं. ८, बाजुराले "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्राप्त गर्न पेश गरेको निवेदन तथा आवश्यक कागजातहरू "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८२ को दफा २ बमोजिम जाँचबुझ गर्दा तोकिएको न्यूनतम योग्यता तथा मापदण्ड पूरा गरेको देखिएकोले उक्त कार्यविधि बमोजिम पि एल इन्जिनियरिङ कन्सल्ट प्रा.लि., बडिमालिका नगरपालिका वडा नं. ८, बाजुरालाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं ३:** बडीमालिका नगरपालिका नगर विपद् व्यवस्थापन समितिको मिति २०८३ साल जेठ २४ गते बसेको बैठकबाट विपद् व्यवस्थापन तथा राहत वितरण सम्बन्धमा भएका निर्णयहरू यस कार्यपालिकाको बैठकमा पेश भई छलफल हुँदा उक्त निर्णयहरूलाई प्रचलित कानून तथा आवश्यकताको आधारमा अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय ४** बडीमालिका नगरपालिका संस्था दर्ता सम्बन्धी ऐन, २०७८ को दफा ४ को उपदफा (३) बमोजिम बडिमालिका नगरपालिका वडा नं. ७ मा स्थापना भई सञ्चालनमा रहेको वडा स्तरीय युवा क्लबले संस्था दर्ताका लागि पेश गरेको निवेदन तथा संलग्न कागजातहरू अध्ययन गर्दा ऐन बमोजिमका आवश्यक प्रक्रिया तथा मापदण्डहरू पूरा गरेको देखिएकोले उक्त युवा क्लबलाई संस्था दर्ता प्रमाणपत्र प्रदान गरी सञ्चालन गर्ने अनुमती दिने निर्णय गरियो।

**निर्णय नं ५:** बडीमालिका नगरपालिकाको कर्मचारी प्रशासन शाखाबाट नगरपालिकाको संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण सञ्चालनका लागि पूर्वसहमति माग भई आएको सम्बन्धमा छलफल हुँदा नगरपालिकाको संगठन संरचना, कार्यबोझ, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाहलाई समयानुकूल, प्रभावकारी, मितव्ययी र नतिजामुखी बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु आवश्यक तथा औचित्यपूर्ण रहेको ठहर गरियो। तसर्थ, संगठन तथा व्यवस्थापन सर्वेक्षण राष्ट्रिय मापदण्ड, २०८२ को दफा ७ को उपदफा (३) बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण सञ्चालन गर्न पूर्वसहमति प्रदान गर्ने निर्णय गरियो। साथै, नगरपालिकामा उक्त सर्वेक्षण कार्य सम्पन्न गर्न आवश्यक प्राविधिक दक्षता तथा विज्ञता उपलब्ध नभएको अवस्थामा प्रचलित कानुन बमोजिम योग्य परामर्शदाता संस्था वा विज्ञबाट परामर्श सेवा खरिद गरी सर्वेक्षण कार्य अगाडि बढाउन तथा सो सम्बन्धी आवश्यक प्रक्रिया पूरा गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

CamScanner

**बिविध:**

**निर्णय नं १.**यस बडीमालिका नगरपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७७ पहिलो संशोधन २०७९ को दफा १ बमोजिमका व्यक्तिहरुले दफा २ बमोजिम पेस गरेको कागजातका आधारमा विभिन्न मितिमा आर्थिक सहायताका लागि विभिन्न व्यक्तिहरुले दिएको निवेदन लाई कार्वाही गर्दा तपसिल बमोजिमका व्यक्तिहरुलाई निम्न बमोजिमको आर्थिक सहयोग गर्ने निर्णय गरियो।

**तपसिल:**

| क्र स | निवेदकको नाम | ठेगाना | रकम रु |
|---|---|---|---|
| 1. | कलक चदारा | बडीमालिका-९ | ७०००/- |
| 2. | अर्जुन बहादुर ऐडी | बडीमालिका-८ | १२०००/- |
| 3. | प्रकाश ब दानी | ब न पा १ | १००००/- |
| 4. | दिल बहादुर खड्का | ब न पा ३ | १५०००/- |
| 5. | गंगादेवि ल्वार | ब न पा ९ | १२०००/- |
| 6. | कोपीला चँदारा | ब न पा ७ | ४५००/- |
| 7. | किडे सनाइ | ब न पा ९ | १५०००/- |
| 8. | नन्दराज जैशी | ब न पा ७ | १६०००/- |
| 9. | प्रसादे बडुवाल | ब न पा ६ | १२०००/- |
| 10. | बिरभान ल्वार | ब न पा १ | १२०००/- पाँचौ कार्यपालिका बैठक २०८२ मंसिर २० गते मा ३००० निर्णय भएकोमा निज मेरुदण्डको बिरामी भएको हुँदा उक्त निर्णय कार्यान्वयन नगरी हालको निर्णय रु १२००० दिने भन्ने निर्णय गरियो। |

**निर्णय नं २:** बडीमालिका नगरपालिकाबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरूको कार्यान्वयन प्रक्रियालाई व्यवस्थित, पारदर्शी, उत्तरदायी तथा प्रभावकारी बनाउन आवश्यक रहेकोले "बडीमालिका नगरपालिका स्थानीय तहमा उपभोक्ता समिति मार्फत योजना तथा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यसञ्चालन विधि, २०८३" नगर कार्यपालिकाको बैठकमा पेश भई छलफल हुँदा उक्त कार्यसञ्चालन विधि स्वीकृत गर्ने निर्णय गरियो। साथै, स्वीकृत कार्यसञ्चालन विधि बमोजिम योजना तथा कार्यक्रम सञ्चालन, अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित शाखा तथा वडा कार्यालयहरूलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं ३:** बडीमालिका नगरपालिका वडा नं. ९ स्थित जिल्ला अस्पताल नजिकको बाउली रोडदेखि गैरीबजारसम्मको क्षेत्रमा विगतदेखि फोहोरमैला थुप्रिँदै आएको र उक्त फोहोरको व्यवस्थापन तथा सरसफाइ कार्य सम्बन्धित वडामा रहेको युवा क्लबमार्फत सम्पन्न गरिएको हुँदा सरसफाइ कार्यमा भएको खर्चबापत युवा क्लबका अध्यक्ष श्री रन ल्वारले पेश गरेको बिल, भरपाई तथा सम्बन्धित कागजातहरू परीक्षण गर्दा मनासिब देखिएकोले बिल भरपाई बमोजिमको रकम रु. २२,०००/- (अक्षरेपी बाइस हजार रुपैयाँ मात्र) भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं४:** प्रस्तावको विवरण: कृषि विकास शाखाका अधिकृत छैटौं श्री प्रेम बहादुर महतले अध्ययन अवलोकन भ्रमणका लागि लिनुभएको पेश्की रु. ८,००,०००।- को फछ्यौंट र थप भुक्तानीका लागि पेस गर्नुभएको कुल रु.

११,७९,२००।- को बिल भरपाई र भ्रमण प्रतिवेदनका सम्बन्धमा आर्थिक प्रशासन शाखाको राय सहित प्रमुख प्रशासकीय अधिकृतज्यूबाट कार्यपालिकामा पेस भएको प्रस्ताव माथि छलफल गरियो। सो सम्बन्धमा कृषि विकास शाखाका अधिकृत छैटौं श्री प्रेम बहादुर महतले पेस गर्नुभएको अध्ययन अवलोकन भ्रमणको प्रतिवेदन र बिल भरपाईहरू अध्ययन गर्दा भ्रमणको औचित्य पुष्टि भएको देखिएकोले, विशेष परिस्थितिलाई ध्यानमा राखी उक्त भ्रमण खर्च रु. ११,७९,२००।– (एघार लाख उनान्सी हजार दुई सय मात्र) कार्यपालिकाबाट स्वीकृत गर्ने निर्णय गरियो।

उक्त खर्च स्वीकृत भएसँगै देहायबमोजिमको प्रक्रिया अघि बढाउन कार्यालयलाई निर्देशित गरिन्छ:

- निज कर्मचारीको नाममा कायम रहेको पेश्की रकम रु. ८,००,०००।– (आठ लाख मात्र) फछ्र्यौट गर्ने।
- बाँकी रकम रु. ३,७९,२००।– (तीन लाख उनान्सी हजार दुई सय मात्र) बाट नियमानुसार लाग्ने आयकर/कर कट्टी गरी बाँकी रकम निजलाई भुक्तानी दिने।